# बैठक नं.१०६

आज मिति २०७८ चैत्र १० गते दिनको ५:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| ९ | सदस्य, का.वा.अध्यक्ष वडा न. ७ | श्री राजकुमार महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १३ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १४ | सदस्य | श्री राजु मिजार | |
| १५ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १६ | सदस्य | श्री सरस्वती परियार | |
| १७ | सदस्य | श्री सानु मिजार | |
| १८ | सदस्य | श्री सुनीता नकर्मी | |
| १९ | सदस्य | श्री सुमन पोखरेल | |
| २० | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २१ | सदस्य सचिव | श्री राजेन्द्र कार्की | |
| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | सचिवालय | श्री संजिता लामा | |

## निर्णय नं.१

यस नगरपालिकाको २५औं स्थापना दिवसको उपलक्षमा नगरपालिकाको नवनिर्मित प्रशासकीय भवन नगर प्रमुख श्री रमेश महर्जनबाट नै उद्घाटन गर्ने निर्णय गरियो ।

## निर्णय नं.२

मिति २०७८ असार २५ गते कीर्तिपुर नगरपालिका वडा नं.४ निवासी श्री इश्वर बस्नेतको कीर्तिपुर अस्पतालमा उपचारका क्रममा असमायिक निधन भएकोमा उपचारमा संलग्न कीर्तिपुर अस्पताल, कीर्तिपुर नगरपालिका र मृतकको परिवार बीच मृतकका दुई सन्तानलाई १२ कक्षा सम्मको अध्ययनको व्यवस्था मिलाउने र मृतकको श्रीमतीलाई रोजगारी उपलब्ध गराउने भनि तृपक्षिय मौखिक सहमती भए बमोजिम निजका दुई सन्तानको १२ कक्षासम्म अध्ययनको प्रवन्ध र मृतकको श्रीमतीलाई नगरपालिकामा रोजगारीको व्यवस्था मिलाउने निर्णय गरियो ।

## निर्णय नं.३

यस कीर्तिपुर नगरपालिका अन्तर्गत स्वास्थ्य शाखामा कार्यरत ५ जना कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वापत आफ्नो खाईपाई आएको तलवको १० प्रतिसत भत्ता उपलब्ध गराउनका लागि निवेदन प्राप्त भई नगरप्रमुख स्तरिय निर्णय समेत भएकोमा सो नगरप्रमुख स्तरिय निर्णय कार्यान्वयनका लागि थप अध्ययन गर्नुपर्ने निर्णय गरियो ।

## निर्णय नं.४

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योगयता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म/कम्पनीको नाम | संचालकको नाम | वडा नं, ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | सिद्धि गणपती निर्माण सेवा | श्री सुरज श्रेष्ठ | की.न.पा-९, नयाँबजार | |
| २ | ग्यालेक्सी बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | श्री बरुण के.सी | की.न.पा-५, जाँखा | |

## निर्णय नं.६

मिति २०७८ चैत्र ०२ गते शहरी योजना तथा भवन मापदण्ड २०७६, परिच्छेद ३३ को ३५.५ अनुसार नगर प्रमुखको संयोजकत्त्वमा गठित बाधा अड्काउ फुकाउ समितिको बैठकबाट गरिएको तपशीलका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिलः**

१. यस नगरक्षेत्रमा नया निर्माण हुने र स्वीकृति लिई निर्माण भइसकेका Residential भवनहरु, नेपाल राष्ट्रिय भवन संहिता अनुरूप, व्यापारिक भवन निर्माण गर्न चाहेमा डिजाईनरको घर सुरक्षित हुने प्राविधिक प्रतिवेदन (Structure analysis) लिई, व्यापारिक भवनको FAR र Ground Coverage सरह तोकिएको राजश्व लिई, वर्ग परिवर्तन गर्न सकिने गरि निर्माण गर्न दिने निर्णय गरियो ।

२. यस नगरक्षेत्रमा यस अघि निर्माण भएका र पछि निर्माण हुने सबै प्रकृति (वर्ग) का घरहरुमा प्रत्येक तल्लाको भर्याङ्गले ओगटेको भाग FAR मा गणना नगरी निर्माण अनुमति दिने निर्णय गरियो ।

३. यस नगर भित्र कोर एरीया क्षेत्रमा ४५ फिट को उचाईमा नबढ्ने गरि अगाडिको भागको Elevation मा फरक नपर्ने गरी, माथिल्लो तल्लाको कुल क्षेत्रफलको बढिमा दुई तिहाई क्षेत्रफल सम्म निर्माण सम्पन्न दिने निर्णय गरियो ।

४. यो निर्णय भएको मिति अघि दर्ता भएका सबै प्रकृति/वर्गका फिल्डमा बनिसकेका घरहरुलाई ईजाजत भन्दा बढि निर्माण गरेको क्षेत्रफलको ३०० प्रतिशत जरिवाना लिई घर निर्माण सम्पन्न दिने निर्णय गरीयो ।

५. यस कीर्तिपुर नगरक्षेत्र भित्र बन्ने घरको बाटोको मापदण्ड सम्बन्धमा दोश्रो नगर सभा (२०७४ माघ २९) बाट संशोधित निर्णय न. १ को क, ख, ग, घ, ङ, च, छ, ज बुँदामा निर्णय भएको र शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७६ को स्थानीय राजपत्रमा सो बुँदाको निर्णय उल्लेख नभएकोले यस अघि भवन नक्सा पास भएका र पछि निर्माण हुने घर/संरचनालाई सोहि मापदण्ड अनुसार निर्माण स्विकृती दिने निर्णय गरियो ।

६. यस नगर क्षेत्र भित्र नियमानुसार घर निर्माण नभएकाको हकमा निम्नानुसार जरिवान, नविकरण, नामसारी दस्तुर लिने र सो सम्बन्धमा यस अघि लिएका र पछि पनि सोहि बमोजिम नै लिने निर्णय गरियो ।

**<u>जरिवाना सम्बन्धमाः</u>**

क. निर्माण सम्पन्न लिई विना अनुमती तल्ला थप गरेमा पुरै क्षेत्रफलको ३००% जरिवाना।
ख. प्लिन्थ लेभलसम्मको स्विकृती विना निर्माण गरेमा नक्सा पास दस्तुरको २५%
ग. प्लिन्थ लेभलसम्म स्विकृती लिई सो भन्दा बढी निर्माण गरेको कुल नक्सा पास दस्तुरको ५०%
घ. कुनै स्विकृती विना प्लिन्थ लेभल भन्दा माथि निर्माण कार्य गरेमा १००% थप
ङ. वढेको क्षेत्रफलको रकम र संसोधन दस्तुर ५%

**<u>नविकरणः</u>**

i. २ वर्ष भित्र — ५%
ii. २-३ बर्ष भित्र — २०%
iii. ३-४ बर्ष भित्र — ३०%
iv. ४ बर्ष नाघेको — १००%

**<u>नामसारी</u> :**

i. अशंवण्डा वा एकापरिवार भित्रको हकमा रु ११०/-
ii. अन्यको हकमा पुरा क्षेत्रफलको प्रचलित दस्तुरमा कुल राजश्वको २५%